# “शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन समृद्धि पाँचपोखरीको मुलधन”

## आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

गणतन्त्रात्मक मुलुक नेपालको संविधानले व्यवस्था गरेको तीन तहको सरकारको अवधारणालाई मूर्त रुप दिन स्थानीय सरकारले संविधानतः तोकिएको समयमा आफ्ना नीति तथा कार्यक्रम गाउँसभामा प्रस्तुत गर्नुपर्ने प्रावधानलाई आत्मसात गर्दै विभिन्न क्षेत्र, तह र तप्कामा काम गर्ने सरोकारवालाहरुसँग राय सुझाव संकलन गरी स्थानीय सरकारले गरेका सकरात्मक कार्यलाई निरन्तरता दिदै आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागि रहेका छौं ।

सिन्धुपाल्चोक जिल्ला अन्तर्गत हिमाली गाउँपालिकाको रुपमा परिचित यस गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत एकदमै न्यून रहेको र यहाँको जन चाहना असिमीत भएको हुँदा जन अपेक्षा अनुरुप जनताको आवश्यकतालाई मध्य नजर गर्दै सीमित स्रोत र साधनका बाबजुद पनि गाउँपालिकाले विविध क्षेत्रको विकास निर्माण लगायत संस्थागत विकासमा पनि महत्वपूर्ण सफलता हासिल गर्ने अपेक्षा गरेका छौ । असिमित आवश्यकता र जनचाहनालाई पूर्णरुपमा सम्बोधन गर्न नसकिए तापनि केहि हदसम्म पक्कै समेटिएको छ ।

संघीय राजधानी काठमाण्डौंबाट दूरीको हिसाबले नजिक हुदाँहुदै पनि गाउँपालिकाको समग्र विकासमा पर्याप्त स्रोतको अभाव, आन्तरिक स्रोतको न्यूनता, भौगोलिक विकटता, सडक पूर्वाधारको दुरावस्था जस्ता कठिनाइले नराम्ररी गाँजेको यस पालिकाले सीमितता भित्रबाट पनि सडक, खानेपानी, भवन, सिँचाई, शिक्षा, स्वास्थ्य जस्ता पूर्वाधार क्षेत्रमा ठूलो लगानी गरी सकेको छ । कृषि तथा पर्यटन मार्फत पालिकालाई समृद्ध बनाउन अझै ठुलो परिश्रम गरि स्रोत र साधन जुटाउनु पर्ने अवस्था टड्कारो छ ।

बिग्रदो वातावरणीय प्रतिकुलता अवस्थाका कारण उत्पन्न हुने डरलाग्दा महामारीजन्य रोगहरु तथ वर्षायाममा आइपर्ने प्राकृतिक विपत्तिबाट यस गाउँपालिका पनि अछुतो रहेन । २०७८ असार १ गते आएको याङ्ग्री लार्के खोलाको मुहान क्षेत्रबाट आएको भीषण बाढीबाट प्रभावित क्षेत्रमा आवश्यकता अनुसार पूनर्बासको व्यवस्थापन गर्न नसकिए तापनि निरन्तर रुपमा बस्ती स्थानान्तरण भौतिक संरचनाहरु निर्माणलाई पहिलो प्राथमिकतामा राखी कार्य गर्दै आएको वेला हाम्रो गाउँपालिकालाई थप अपुरणीय क्षती हुन पुगेको जगजाहेरै छ । साथ साथै आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा तत्काल आउने विपद तथा महामारीजन्य रोग व्यवस्थापन साथै स्थानीय समस्या चुनौति र आवश्यकतालाई सम्बोधन र सम्भव भएसम्म समाधान गर्ने गरी प्रकोप व्यवस्थापन कोष निर्माण गर्ने नीति तय गरिएको छ । विकास निर्माणमा आम नागरिकको लगाव र यस क्षेत्रको पहिलो प्राथमिकतामा रहेको तर पूर्ण हुन नसकेको गाउँपालिकाको लाईफ लाईनको रुपमा रहेको मेलम्ची-भोताङ सडक खण्ड, दाउचेत-बाँसखर्क-आमा याङ्ग्री सडक खण्ड, गाईपाईले-गाउँपालिका-गुन्सा-रैथाने सडक खण्ड, स्याउले-गोब्रे-भोताङ सडक खण्ड पहिलो प्राथमिकता रहनुका साथै सबै वडा कार्यालय जाने सडकहरु पनि यस आर्थिक वर्षमा पहिलो प्राथमिकतामा रहेको कुरा यहाँहरुलाई अवगत गराउँदछौं । गाउँपालिकाले यस वर्ष विशेष गरी शिक्षा, स्वास्थ्य, पर्यटन र कृषिमा लगानी बढाउनुका साथै जनताको दैनिकीसँग जोडिएको र आम नागरिकको माग बमोजिमको सडक संरचानालाई दिगो बनाउनको लागि स्तरोन्नती तथा कालोपत्रेको लागि पहल गर्ने नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पाँचपोखरी जनताको सुख र खुशीका साथै समृद्धिको बाटोमा सबैले हातेमालो गर्दै यहाँको विकटता तथा असीमित आवश्यकतालाइ पूरा गर्दै भावी पुस्तालाई एउटा समुन्नत समृद्ध पाँचपोखरी थाङ्पाल गाउँपालिका हस्तान्तरण गर्ने महान सपनालाई साकार पार्न सबैको सकरात्मक सल्लाह सुझाव अनि सहयोगको अपेक्षा गर्दछौ ।

गुणस्तरीय शिक्षा, स्वास्थ्य, मुख्य सडकहरुको स्तरोन्नती तथा कालोपत्रेको लागि पहल, उत्पादनमा संलग्न कृषकलाई सम्मान तथा पुरस्कार, पर्यटकीय हबको रुपमा गाउँपालिकालाइ अघि सार्दै पर्यटनको क्षेत्रबाट नै यस गाउँपालिकालाई

राष्ट्रिय तथा अन्र्तराष्ट्रिय रुपमा चिनाउने र यसै क्षेत्रबाट विकास र समृद्धिको बाटोमा अघि बढ्ने प्रतिबद्धता सहित आ.व. २०८१/०८२ को बजेट विनियोजन गर्ने गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**माननीय सदस्यज्यूहरु**

**अव म आगामी आ.व. २०८१/०८२ को लागि बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**हाम्रो संकल्प :**

**१. हाम्रा जनप्रतिनिधीहरु शासक होइनन्, जनताका सेवक हुनेछन ।**

**२. हाम्रो गाउँपालिकालाई पारदर्शी, जवाफदेही सहितको सुशासन युक्त नमुना बनाईने छ ।**

**३. हाम्रो जनप्रतिनिधीहरुले भ्रष्ट्रचारी, व्यक्तीवादी, अनियमितता र सार्वजनिक सम्पतीको दोहन गर्नेहरुलाई कानुनी कारवाहीको दायरामा पुऱ्याउन अग्रणी भूमिका खेल्ने छन् ।**

**४. हाम्रो गाउँपालिकामा "पाहुना हाम्रा साथी"को नारालाई "अतिथी देव भव:" को रुपमा नीतिगत विकास गरिने छ ।**

**५. हाम्रो गाउँपालिकामा सेवा नै धर्म हो भन्ने मान्यताको अवलम्बन गरिनेछ ।**

**६. हाम्रो गाउँपालिकामा म मेरो पालिका म आफै चिनाउछु भन्ने मान्यता स्थापित गराईने छ ।**

## शिक्षा सम्बन्धी नीति :

- शिक्षाको गुणस्तर वृद्धि गर्न प्रधानाध्यपकहरुसँग कार्य सम्पादन सम्झौता गरी सोही आधारमा विद्यालयको कार्य सम्पादन मापन गरी विद्यालय जाने अनुदानलाई निर्धारण गरिनेछ । साथै प्रधानध्यापकले सबै शिक्षकहरुसँग कार्य सम्पादन सम्झौता गर्नुहुनेछ ।
- शिक्षा शाखाले प्रधानध्यापकसँग, प्रधानध्यापकले विषय शिक्षकसँग र शिक्षकले विद्यार्थीसँग सिकाई उपलब्धी बनाई छनौट गरी प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनमा जोड तथा प्रयोगमा बढावा दिई गैरस्वास्थ्यजन्य खानालाई पूर्णत निषेध गरिनेछ । विद्यार्थीहरुमा मदिरा सेवनको असर र समाजमा यसको प्रयोगमा कमी ल्याउन सचेतना कार्यक्रमहरु संचालन गरिनेछ । दिवा खाजा कार्यक्रमलाई कृषि सहकारी संस्था मार्फत संचालन गरिनेछ । कृषि सहकारीलाई भूगोलको अवस्था तथा दुरी हेरी ढुवानीमा सहयोग गरिनेछ । दिवा खाजा व्यवस्थापनको लागि फोकल शिक्षक, गुनासो सुनुवाई शिक्षक र गुनासो पेटिका अनिवार्य रुपमा राखिने व्यवस्था गरिनेछ ।
- सिर्जनात्मक नव प्रर्वतन गर्न विद्यार्थी र उच्च शिक्षा गर्ने तर आर्थिक अवस्था कमजोर भएका जेहेन्दार, अनाथ विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालयमा संचालित मातृभाषा गोम्पा शिक्षा अध्यापन गराईरहेको शिक्षकलाई दिदैं आएको मासिक सुविधामा रु.५००० ले वृद्धि गरिनेछ । साथै स्थानीय पाठ्यपुस्तकलाई कक्षा ८ सम्म पुऱ्याईनेछ ।
- विद्यालय समयमा विद्यार्थीहरुको शैक्षिक गुणस्तरमा मोबाईल फोनको दुरुपयोगले प्रत्यक्ष असर गर्ने हुनाले विद्यालय समयमा मोबाईल फोनको प्रयोग पूर्णत बन्द गरिनेछ ।
- जोखिम रहेका ३ वटा विद्यालयलाई घेराबार कार्यक्रम गर्न बजेटको व्यवस्था गरिनेछ । विद्यालय छनौट अनुगमनको रिपोर्टको आधारमा छनौट गरिनेछ ।
- गाउँपालिकाको एक मात्र कृषि विद्यालयको रुपमा संचालनमा रहेको क्षेत्रपालेश्वरी मा.वि.लाई आवासीय सुविधा उपलब्ध गराई विद्यार्थीहरुको संख्या वृद्धि गरिने अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- लार्केमा संचालित अति दुर्गम स्थानमा रहेको विद्यालयमा ECD शिक्षक सेवालाई विशेष सुविधा प्रदान गरिनेछ ।

- गणेश आ.वि., भोटेनाम्लाङ/सातकन्यामती मा.वि., गुन्सा/कुम्भेश्वरी आ.वि., गुन्सा/गणेश आ.वि., मजुवा मा स्वयम्सेवक शिक्षकलाई केही सुविधा थप गरी निरन्तरता दिईनेछ।
- संस्थागत साझेदारीमा सबै मा.वि.हरुलाई डिजिटल तथा सूचना प्रविधिमैत्री नीति अवलम्बन गरिनेछ।
- गुणस्रतीय शिक्षाको लागि TFN/Help साथी कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै TFN को सुविधामा २०%ले वृद्धि गरिनेछ।
- विद्यालयमा विद्यार्थीहरुलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाउन विद्यालय खानेपानी कार्यक्रमहरु विभिन्न संघ संस्था/सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा संचालन गरिनेछ।
- विद्यालय मर्मत कोषलाई निरन्तरता दिईनेछ।
- सिकाई उपलब्धीको आधारमा सर्वोत्कृष्ट शिक्षक पुरस्कार कार्यक्रम संचालन गरिनेछ।
- विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालय ल्याउने, सिकाउने र टिकाउने कार्यलाई प्रोत्साहनमुलक कार्यक्रम सहित अभियानका रुपमा दिनहुँ विद्यालय जाउँ पुरस्कार पाउँ भन्ने कार्यक्रमहरु संचालन गरिनेछ। शून्य ड्रप आउट बनाउने अभियान संचालन गर्दै अभिभावक सचेतना सम्बन्धी कार्यक्रमहरु पनि संचालन गरिनेछ।
- आधारभुत तह कक्षा ८, कक्षा १० र कक्षा १२ मा उत्कृष्ट हुने छात्र/छात्रा, शिक्षक र विद्यालयलाई सम्मान गरिनेछ।
- गाउँपालिकाको ठूलो विद्यालय थाङपाल भ्याली मा.वि.लाई बस संचालन खर्च उपलब्ध गराईनेछ।
- संस्थागत साझेदारीमा गाउँपालिका विद्यालय व्यस्थापन समिति र प्रधानध्यापकहरुलाई काम, कर्तव्य तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम संचालन गरिनेछ।
- संस्थागत साझेदारीमा सम्पूर्ण शिक्षकहरुलाई सार्वजनिक बिदाको दिन पारेर क्षमता अभिवृद्धि तथा असल शिक्षण सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- पाँचपोखरी सिकाई मेलालाई निरन्तरता दिई शिक्षा पर्यटन अभिवृद्धि गरिनेछ।
- संस्थागत साझेदारीमा बालविकास सहजकर्ताको क्षमता विकास गर्दै लगिनेछ।
- आधारभुत तह कक्षा ८ को परीक्षालाई थप विश्वसनीय तथा प्रभावकारी बनाईनेछ।
- राष्ट्रपति रनिङ शिल्ड थप व्यवस्थित बनाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- विद्यालयको लेखा परीक्षक नियुक्ति गर्दा पालिकाले सूचना प्रकाशन गरी लेखा परिक्षण शुल्क अनिवार्य रुपमा तोकिनेछ।
- आन्तरिक मूल्यांकन प्रणालीलाई थप व्यवस्थि गर्न तालिम संचालन गरी प्रभावकारी बनाईनेछ। शिक्षा सम्बन्धी सम्पूर्ण तालिमको प्रभावकारिता तथा गुणस्तरीयता कायम राख्न एक अनुगमन संयन्त्र बनाईनेछ र समिक्षा बैठक राखिनेछ।
- शैक्षिक सामाग्री निर्माण तथा व्यवस्थापन गरिनेछ।
- पालिका भित्र अन्तर विद्यालयस्तरीय अध्ययन अवलोकन र परिचयात्मक कार्यक्रमको थालनी गरिनेछ।
- नमूना विद्यालय अवलोकन अध्ययन भ्रमण संचालन गरिनेछ।

## स्वास्थ्य सम्बन्धी नीति :

- सुत्केरी आमा संग उपाध्यक्ष भेटघाट कार्यक्रम लाई निरन्तरता दिईनेछ । साथै सुत्केरीलाइ रु १५०० बराबरको पोषण खर्च उपलब्ध गराइनेछ ।
- गाउँपालिकाको तर्फबाट महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाहरुको लागी  दिईदै आएको यातायात खर्च रु.५०० मा बृद्बि गरि रु.१०००। प्रती महिना बनाईनेछ । सघको रु १००० र पालिकाको रु१००० गरी कुल मासिक रु २००० दिइने व्यवस्था मिलाइनेछ। साथै पाँचपोखरी प्राथमिक अस्पतालमा महिला स्वास्थ्य स्वयमसेविकालाइ उपचार खर्चमा ५० प्रतिशत छुट दिइने व्यवस्था मिलाइनेछ।

- ❖ बर्थिङ सेन्टरमा गुणस्तरिय प्रसूति सेवालाई २४ सै घण्टा उपलब्ध हुने सुनिश्चित गरि घरमा हुने प्रसूति लाई शून्य गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- ❖ गाउँपालिका मा संचालित पाँचपोखरी प्राथमिक अस्पतालको सेवामा गुणस्तरियता कायम गर्दै यसै आ.ब.बाट प्रसूति सेवा संचालनको ब्यवस्था मिलाईनेछ ।
- ❖ गाउँपालिका अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा उपलब्धता **सुनिश्चत** गरिनेछ ।
- ❖ स्वास्थ्य संस्था भन्दा टाढाको बस्ती, समुदायमा नियमित खोप सेवा र गाउँघर क्लिनिक संचालनको सुनिश्चितता गरिनेछ ।
- ❖ प्रसूति संग सम्बन्धित सेवाको लागि हाल दिईदै आएको एकतर्फी एम्बुलेन्स सेवालाई निरन्तरता प्रदान गरिनेछ ।
- ❖ महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका र स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्नको लागि पुनर्ताजगी तालिम,प्रोत्साहन लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ गाउँपालिका र सहयोगी संस्थाहरुको सहयोग तथा सहकार्यमा स्वास्थ्य सम्बन्धि शिविरहरु संचालन गरिनेछ ।
- ❖ जेष्ठ नागरिक अपांग,अशक्त ब्यक्तिहरुको लागी समुदायमा, घरमा नै स्वास्थ्य परिक्षण/उपचार, परामर्श सेवा दिइनेछ ।
- ❖ ७० बर्ष माथिका ज्येष्ठ नागरिक,क बर्गका अपाङ्ग तथा विपन्न बिधवा र दीर्घरोगी बिरामीकोहरुको लागि स्वास्थ्य संस्थाको सिफारिसमा एकतर्फी एम्बुलेन्स सेवा निःशुल्क प्रदान गरिनेछ ।
- ❖ हाल उच्च दरमा बृद्बि भईरहेको नसर्ने रोगको समस्या को न्युनिकरणको लागि बहुपक्षिय सचेतनाका कृयाकलापहरु संचालन गरिनेछ ।
- ❖ मानसिक स्वास्थ्य समस्या को न्युनिकरणको लागी तालिम तथा सचेतनाको कार्यक्रम संचालन गरिनेछ ।
- ❖ प्रकोप ब्यवस्थापन कोषलाई निरन्तरता दिई बजेटको ब्यवस्था गरिने छ साथै प्रकोप एवं महामारीको समयमा खटिने स्वास्थ्यकर्मी  तथा कर्मचारीहरुको लागि जोखिम भत्ता तथा बिमाको ब्यवस्था गरि रोग तथा महामारी नियन्त्रण गरिनेछ ।
- ❖ स्थानिय श्रोतको उपयोग स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्बता लाई आतमसाथ गर्दै गाउँपालिकालाई पूर्णखोप सुनिश्चिता एवम् दिगोपना कायम राख्नको लागि संचालन गर्नुपर्ने कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ ।
- ❖ पूर्ण पोषण युक्त वडा/पालिका घोषणा पुर्बाधार को लागि पोषण सम्बम्धि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुलाई मुटु रोग, मृगौला रोग क्यान्सर रोग तथा मस्तिष्क रोग पक्षघात जस्ता कडारोग लागेको अवस्थामा उपचार सहायताको लागि रोगको प्रकृति हेरी कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहयोग प्रदान गरिनेछ ।

- ❖ गाउँपालिकाको मानेखर्कमा संचालनमा रहेको धुलिखेल अस्पताल को स्वास्थ्य केन्द्रालाई सेवा संचालनको लागि **सुचिकृत** गर्न लगाई तोकिएको मापदणडमा सेवा संचालन तथा रिपोर्टिङ सिस्टममा ल्याईनेछ ।
- ❖ गाउँपालिका अन्तर्गत संचालित नागरिक आरोग्य केन्द्रलाई स्वास्थ्य शाखा मातहतमा रहि सेवा संचालन गरी तोकिएको मापदण्डमा रिपोर्टिङ गर्न लगाईनेछ ।
- ❖ सघीय सरकारले मृगौला प्रत्यारोपण गरेका ,डाईलेसिस गराईरहेका,क्यान्सर रोग लागेका र मेरुदण्ड पक्षघातका बिरामिहरुको सम्बन्धित अस्पतालको सिफारिसको आधारमा उपलब्ध गराउने मासिक ५०००। समयमा निकासा प्राप्त हुन नआएमा पछि शोधभर्ना हुने गरी गाँउपालिकाबाट निकासाको व्यवस्था गरिनेछ ।
- ❖ गाउँपालिकाका कर्मचारी जनप्रतिनिधि तथा इच्छुक सर्वसाधारणहरुलाइ पालिकाको पाँचपोखरी सभाहलमा नियमित योग अभ्यासको शुरुवात गरिनेछ ।
- ❖ गाउँपालिका भित्र संचालन भएका तथा संचालन हुने औषधि पसल,क्लिनिक लगायत स्वास्थ्य सेवा प्रदान गर्ने निकायलाई तोकिएको मापदण्डमा संचालन गर्न लगाईनेछ ।
- ❖ गाउँपालिका अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुमा औषधि र अत्यावश्यक औजार उपकरण को सुनिश्चितता एवं नियमित आपूर्ति गरिनेछ ।
- ❖ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी गराउनको लागि निःशुल्क र आंसिक छुटमा बिमा हुनेको लागि अनिवार्य र अन्यको पनि बढिभन्दा बढी बिमा गराउनको लागि गाउँपालिका मार्फत सहजिकरण गरिनेछ ।
- ❖ स्वास्थ्य संस्थाजन्य फोहरमैला सहयोगी संघ संस्थाहरुको समेत सहयोगमा समुचित बिसर्जनको ब्यवस्थापन मिलाईनेछ ।
- ❖ गाउँपालिका अन्तर्गतको मुख्य मुख्य खानेपानिका मुहान तथा पानी बितरण प्रणालिमा रहेको पानीको गुणस्तर परीक्षण गर्ने ब्यवस्था मिलाईनेछ ।
- ❖ स्वास्थ्य र पोषण सम्बन्धि पालिकास्तरीय पार्श्वचित्र (Health Profile) तयार गरी गाउँपालिका र सहयोगी संस्थाहरुबाट आवश्यकताको आधारमा कार्यक्रम संचालन मा एकरुपता ल्याईनेछ ।
- ❖ गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकिहरुको आन्तरिक लेखापरिक्षण,प्रशासनिक,भण्डारण ब्यवस्थापन र रेकर्डिङ रिपोर्टिङ मा एकरुपता ल्याउन स्थलगत अनुशीक्षण मार्फत सहजिकरण गरिनेछ ।
- ❖ **सा**माजिक परिक्षण मार्फत स्वास्थ्य सेवाको समग्र पक्षको अवस्था उजागर गर्न र आगामी दिनमा सुधार सहितको कार्ययोजना तयार गर्नको लागि सबै स्वास्थ्य चौकीमा सामाजिक परिक्षण कार्यको सुरुवात गरिनेछ ।
- ❖ बर्थिङ सेन्टरमा खटिएका कर्मचारी र SBA कर्मचारीहरुको विशेष सुविधा कार्यक्रम संचालन गरिनेछ ।
- ❖ भौगोलिक अवस्थालाई हेरी दुरी टाढा भएका क्षेत्रमा हुने अभियानमा खटिएका कर्मचारीहरुलाई विशेष भत्ताको व्यवस्था गरिनेछ ।
- ❖ स्वास्थ्य आमा समूह बैठक खाजा खर्चलाई वृद्धि गरिनेछ ।
- ❖ आवश्यकताको आधारमा क्षयरोग परिक्षण शिविर संचालन गरिनेछ ।

- स्वास्थ्य चौकी र स्वास्थ्य ईकाइ, अस्पतालमा दशैँ तिहारको बिदामा बस्ने कर्मचारीलाई दशैँ खर्च प्रदान गरिनेछ ।
- स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाइ, पाँचपोखरी प्राथमिक अस्पताललाई मसलन्द खर्चको व्यवस्था गरिनेछ ।
- परम्परागत रुपमा चलि आएको उपचार विधि र आर्युवैदिक पद्धतीद्धारा गरिने उपचार विधिलाई संरक्षण तथा सर्म्बद्धन गरिनेछ ।

## कृषि विकास सम्बन्धी नीति :

- हाम्रो अभियान युवा, उद्यमी तथा दक्ष जनशक्ति निर्माण (बाखा फर्म, कृषि फर्म, माछापालन, दुधजन्य व्यवसाय गर्ने युवाहरुलाई प्रोत्साहन गर्न साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।)
- औद्योगिक ग्राम (साना-साना उद्योग) निर्माण कार्यलाई अघि बढाईनेछ ।
- वडा समाजवादी कार्यक्रम (वडा नं.३, भोताङबाट शुरुवात गरिनेछ ।)
- रोग नियन्त्रण र रोकथाम विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय चिया/आलु/मुला/किवि/स्याउ प्रर्वद्धन गर्न संस्थागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
- वास्तविक कृषकहरुको तथ्याङ्क संकलन गरी कृषि प्रोफाईल सार्वजनिक गरिनेछ ।
- कृषि क्षेत्रको उत्पादन तथा उत्पाकत्व वृद्धि गर्न जोड दिईनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण तथा कृषि उपजको भण्डारण र बजारीकरणको समुचित प्रबन्ध मिलाईनेछ । खाद्य तथा पोषण सुरक्षालाई उच्च प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।
- पालिकाबाट दिईने कृषि अनुदानलाई निरुत्साहित गरिनेछ । अनुदान प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं.१ बाँसखर्क नेवारटोल माथिको भूभागलाई चिया क्षेत्रको रुपमा विकास गरिनेछ ।
- पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ३ भोताङलाई अर्गानिक क्षेत्र विस्तार सहित घोषणा गरिनेछ ।
- गाउँपालिकाको माथिल्लो क्षेत्रहरु (ज्याल्सा, साल्मे, बोलगाउँ, याङरीखोर,पाँउगुम्बा, गाङखर्क, डाले, बाङदाङ, लार्के, ग्याल्सिम, छिम्ती, भोताङ, नागी घ्याङ, खलगांटार, गुन्सा, भोटेनाम्लाङ र गोब्रे, ओखेनी) लाई अर्गानिक दाँते ओखर, स्याउ,मुला, आलु, किवि, टिमुर जोन/पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- पालिकाको कृषि बालीमा बाँदर, बँदेल, मृग, दुम्सी लगायतका जङ्गली जनावरले पुऱ्याई रहेको क्षतीको रोकथाम तथा न्यूनीकरणका लागि संस्थागत साझेदारीमा आवश्यकीय पहल गरिनेछ ।
- कृषि उपजको संकलन भण्डारण र बजारसम्म पहुँच विस्तारका लागि कृषि सहकारीलाई प्रर्वद्धन गरिनेछ । यस्ता सहकारीहरुलाई उत्पादन स्थलदेखि बजार सम्म ढुवानी गर्न बजेट व्यवस्था गरी संस्थागत साझेदारीमा कृषि एम्बुलेन्सलाई प्रयोगमा ल्याईनेछ ।
- पालिकाभित्र उत्पादन भएको कृषि उपज निर्यात र बाहिरबाट आउने कृषि वस्तु आयातका लागि पालिकाको सिमा क्षेत्रमा आयात हुने कृषि वस्तु पालिका भित्र आवश्यकता भए नभएको आधारमा नियमन गरिनेछ ।
- थाङपालकोटमा संचालित कृषि संकलन केन्द्रलाई संस्थागत साझेदारीमा प्रयोगमा ल्याईनेछ ।
- विद्यालयलाई कृषि बजारको रुपमा व्यवस्था गरिनेछ ।
- रैथाने बिउ विजनलाई प्रवर्द्धन गर्दै आयातित बिउ विजनलाई क्रमशः कम गर्दै लगिनेछ ।

## पशु विकास सम्बन्धी नीति :

- पशुपालनलाई व्यवस्थित गर्न पशुजन्य व्यवसायको अभिलेखिकरण र पशुपंक्षी दर्ता गर्ने कार्यको शुरुवात गरिनेछ ।
- मासुजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्ने व्यवसायको मापदण्ड तयार गरी लागू गरिनेछ ।
- मृत जीवजन्तुको दाहसंस्कारको लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

- प्रत्येक वडाहरुमापशु स्वास्थ्य प्राविधिकको व्यवस्था गरि सेवा र परामर्श उपलब्ध गराईने छ ।
- पशुपंक्षी औषधी व्यक्तिगत रुपमा मापदण्ड बनाइ निशुल्क वितरण गर्ने व्यवस्था गरिनेछ ।
- पशुपंक्षी बीमा कार्यक्रम निरन्तरता गरिनेछ ।
- पशुपंक्षिको रोग र महामारी रोग नियन्त्रण गर्न आवश्यक औषधी /खोपको व्यवस्थापन गर्नुको साथै ल्याव सामाग्रीको व्यवस्था गरिनेछ ।
- घरपालुवा तथा सडकमा छाडा छोडीएका कुकुरहरुको स्थायी बन्ध्याकरण शिविर संचालन गरिनेछ ।
- डेरिबाट दुध संकलन गर्ने किसानलाई दिदैं आएको प्रोत्साहन रकममा रु २ मा रु १ वृद्धि गरी प्रति लि.रु ३ का दरले प्रोत्साहन गरिनेछ ।
- गाई बस्तुको मलमुत्रलाई व्यवस्थित गरि प्राङगारिक मल उत्पादन तथा भकारो सुधार कार्यक्रम संचालन गरि गाउँपालिकालाई अर्गानिक उत्पादनमा जोड दिइने छ ।
- चौरी, याक व्यवसाय सरक्षण प्रवर्द्धन गरिनेछ ।
- महामारी रोग नियन्त्रण कोषको व्यवस्था गरी महामरीजन्य रोग नियन्त्रण गरिनेछ ।

## संस्कृति तथा पर्यटन सम्बन्धी नीति :

- **पाहुना हाम्रो साथी भन्ने मूल नारालाई** राष्ट्रिय तथा अर्न्तराष्ट्रियकरण गरिनेछ साथै सिन्धुपाल्चोक जिल्लाको १२ वटै स्थानीय तह सम्मेलित पर्यटनका क्षेत्रमा गरिएका असल अभ्यास तथा अनुभवहरु आदनप्रदान कार्यक्रम संचालन गरिनेछ ।
- गाँउपालिकाभित्रका सबै माध्यमिक विद्यालयहरुमामा पर्यटन क्लब निर्माण गरी उक्त क्लब मार्फत **"मेरो गाउँ, म चिनाउँछु, म भित्राउँछु हाम्रो गाउँमा पर्यटक, आफ्नै गाउँमा बसेर"** भन्ने अभियान संचालन गरिनेछ ।
- **म म्याद गुज्रेको सामान खरिद गर्दिन, म म्याद गुज्रेको सामान बिक्रि गर्दिन** भन्ने मूल नारालाई सार्थकता दिनमा प्रत्येक पसल, होटल, होमस्टे, सार्वजनिक स्थलहरुमा स्पष्ट देखिने गरी सूचनामूलक स्टीकरहरु निर्माण गरी प्रचार-प्रसारका साथै कार्यान्वययन गरिनेछ ।
- **गाँउपालिकाको एक मात्र पर्यटकीय सूचना केन्द्र खाल्डेखोला तथा गाउँपालिका कार्यालयको भित्ताहरुमा विभिन्न हिंसा सम्बन्धी सूचनाहरु, सुरक्षित वैदेशिक रोजगार सम्बन्धी, पर्यटन सम्बन्धी सूचनाहरु, कर सम्बन्धी सूचनाहरु तथा गाउँपालिकाको महत्वपूर्ण सम्पर्क नम्बरहरु स्पष्ट देखिने गरी ईनामेलद्धारा लेखिनेछ ।**
- संस्थागत साझेदारीमा सामुदायिक होमस्टे संचालनमा जोड दिईनेछ ।
- पर्यटन व्यवसायी (विशेषतः ट्राभल र ट्रेकिङ एजेन्सी तथा होमस्टे/होटलहरू) बीच स्वस्थ प्रतिस्पर्धा तथा सहकार्यमा अभिवृद्धि गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।
- स्थापित पर्यटकीय सम्पदाका साथै गाउँपालिका क्षेत्र भित्र विकास गरिएका नयाँ पर्यटकीय सम्पदालाई समेत उच्च प्राथमिकता दिई प्रचार प्रसार गरिनेछ ।
- पदयात्राकालागि नयाँ रुटहरुको खोजी र विकास गरिनेछ र यसका लागि सरकारी तथा संस्थागत साझेदारी लगानीमा प्राथमिकता दिईनेछ ।
- साहसिक पर्यटन बन्जीजम्पिङ्ग, प्याराग्लाइडिङ, रक क्लाईम्बिङ जस्ता साहसिक पर्यटन क्रियाकलापहरू गाउँपालिकाको विभिन्न क्षेत्रमा संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । साहसिक क्रियाकलापमा सुरक्षित र सम्भव देखिएका नदी, पहाड तथा हिमशिखरहरूको उपयोग गरिनेछ । साहसिक क्रियाकलापमा संलग्न हुनेहरुको वीमा लगायत भौतिक तथा वित्तीय सुरक्षाका उपायहरुको अवलम्बन सम्बन्धित व्यवसायीले गर्नुपर्ने व्यवस्था गरिनेछ ।

❖ पाँचपोखरीका धार्मिक पर्यटकीय गन्तव्यलाई आध्यात्मिक एवं तीर्थाटनको केन्द्रको रुपमा विकास गरी त्यसमा नियमन गरिनेछ ।

❖ निरन्तर रुपमा कम्तिमा वर्षमा २ पटक पर्यटकीय तथा धार्मिक क्षेत्र (आमा याङ्ग्री, पेमाछ्ल उद्यान केन्द्र, रैथानेश्वरी मन्दिर, नौलिङ्केश्वरी तथा बेत्रावती मन्दिर, ठूलो ढुङ्गा बुद्धपार्क लगायतका अन्य पर्यटकीय तथा धार्मिक स्थलहरुमा) सरसफाई अभियान कार्यक्रम संस्थागत साझेदारिमा संचालन गरिनेछ ।

❖ हेलम्बु गाउँपालिकाको वडा नं.२ र हाम्रो गाउँपालिकाको वडा नं.१, बाँसखर्कको काश्यमा बुद्ध पार्क अर्न्तगत बन्न लागेको भूकम्प स्मृति पार्कमा हाम्रो पालिकाको भूकम्पमा मृत्युवरण गरेका हाम्रो नागरिकहरुकको नाम समेत उल्लेख गर्ने गरी संस्थागत सहयोग कार्यक्रम संचालन गरिनेछ ।

❖ हेलम्बु गाउँपालिका र पाँचपोखरी थाङपाल गाउँपालिकाको सीमा क्षेत्र आमा याङ्ग्री, ढुकु, ज्यवोथानमा साझेदारीमा आन्तरिक पर्यटन प्रर्वद्धन गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

❖ पालिकाको मुख्य सार्वजनिक स्थलमा खुल्ला व्यायमशालाको व्यवस्था मिलाईनेछ ।

❖ सबै मन्दिर, गुम्बा, चैत्य, हबेली, गुफा, देउराली, लहरेमाने, ताल, पोखरीहरु, ढुङ्गेधाराहरु, पाटीपौवाहरुको अभिलेख राख्ने कार्यलाई तिव्रता दिईनेछ ।

❖ पाँचपोखरीलाई अझै आन्तरिक तथा बाह्य रुपमा चिनाउन पर्यटकीय तथा धार्मिक स्थलहरुको फोटो प्रर्दशनी कार्यक्रम संचालन गरी पाँचपोखरी पर्यटन प्रर्वद्धन गरिनेछ ।

❖ गाउँपालिकाको प्रवेशद्धारमा पर्यटक शुल्क लिई कागज/कपडा झोला प्रदान गरी गाउँपालिकालाई प्लाष्टिक रहित गाउँपालिका निर्माण गरिनेछ । खाल्डेखोलाको सूचना केन्द्रबाट पालिकामा सेल्स गर्न आउने गाडीहरुले समेत कपडा तथा कागजको वैकल्पिक झोला अनिवार्य रुपमा खरिद गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

❖ पाँचपोखरीलाई नेपालको हिलिङ टुरिज्म केन्द्रको रुपमा विकास गरिदैं यससँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।

❖ गाँउपालिकाभित्र पर्यटकीय तथा धार्मिक क्षेत्रहरुमा साईनेज बोर्ड/ढुङ्गामा ईनामेलद्धारा समेत पर्यटकीय सूचना सम्प्रेषण गरिनेछ ।

❖ गाउँपालिकाका हरेक पर्यटकीय तथा धार्मिक स्थलहरुमा त्यस ठाउँको संक्षिप्त जानकारी प्रदान गर्ने खालको QR code राखिनेछ ।

❖ पर्यटन प्रर्वद्धनलाई बढाउन अन्तर पालिका भ्रमण गरी त्यस ठाउँको नयाँ कुराहरुलाई अवलम्बन गरी पर्यटन प्रर्वद्धनमा टेवा पुऱ्याईनेछ ।

❖ गाउँपालिकाको पहिचान अर्न्तराष्ट्रिय जगतमा फैलाउन पर्यटन प्रर्वद्धन तथा प्रविधि हस्तान्तरण लागि आन्तरिक तथा विदेशी शहरहरुसँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।

❖ पाँचपोखरी थाङपाल गाउँपालिकाको साहित्यिक पर्यटन प्रर्वद्धन गर्न कवि सम्मेलन कार्यक्रम संचालन गरिनेछ ।

❖ पाँचपोखरीको पर्यटन क्षेत्रलाई मात्रै समेट्ने गरी एउटा उत्कृष्ट डकुमेन्ट्री निर्माण गरिनेछ ।

❖ गाउँपालिकाको विभिन्न पर्यटकीय तथा धार्मिक स्थल लगायत अन्य ठाउँमा पालिकामा दर्ता गरी सूचिकृत भएका सम्पूर्ण होटल तथा होमस्टेहरुमा अनिवार्य रुपमा मेनु सहित स्थानीय खानेकुरा तथा लोकल रक्सीलाई जोड दिन लगाउने र आयातित खानेकुरा तथा लोकल रक्सीलाई प्रर्वद्धन गर्दै सिल प्याक रक्सीलाई निरुत्साहित गर्न पहल गरिनेछ ।

❖ स्थानीय कला, संस्कार, भाषा, भेषभुशा, सीप, सत्कार संरक्षण तथा प्रर्वद्धन गरिनेछ ।

❖ अन्तरपालिकास्तरीय पर्यटन कमिटि निर्माणमा जोड दिने र पर्यटन प्रवर्द्धन गरिनेछ ।

## रोजगार सेवा नीति :

- गाउँपालिका क्षेत्रमा प्रत्यक्ष रुपमा रोजगारी सिर्जना हुने गरि सञ्चालन गर्न सकिने सम्भाव्य श्रममुलक योजनाहरुको विवरण वडा स्तरबाट संकलन गरि गाउँपालिकाले **योजना बैंक तयार गरि र वजेट उपलब्धताको आधारमा उक्त योजनाहरु क्रमश कार्यान्वयन गर्ने** व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र विभिन्न विषगत शाखा मार्फत सञ्चालनहुने योजनाहरुमा श्रमीक आवश्यक पर्ने भएमा सम्वन्धित वडामा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई अनिवार्य काममा लगाउने व्यवस्था गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत सञ्चालन हुने योजनाहरुलाई प्रभावकारी र गुणस्तरीय बनाउन योजना कार्यान्वयन गर्दा लागत साझेदारीमा सञ्चालन गर्ने तथा योजनाका लागि आवश्यक दक्ष कामदार सूचीकृत कामदारबाट उपलब्ध नभएमा गाउँपालिकाको श्रोतबाट भुक्तानी गर्ने गरि दक्ष कामदार परिचालन गर्ने र दक्ष कामदारको ज्याला गाउँपालिकाको दररेट अनुसार गाउँपालिकाको श्रोतबाट भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र सञ्चालन हुने **सार्वजनिक निर्माणमा आवश्यक पर्ने अदक्ष कामदार परिचालन गर्दा निर्माण व्यवसायी, उपभोक्ता समिति तथा अन्य कार्यक्रमले अनिवार्य रुपमा रोजगार सेवाकेन्द्र सँग समन्वय गरि सूचीकृत कामदार प्रयोग गर्नुपर्ने** व्यवस्था मिलाइनेछ ।
- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई गाउँपालिकाबाट सञ्चालन हुने **सिपमुलक तालिममा सहभागि गराई दिगो रोजगारी** सिर्जनाका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- बालश्रम सम्बन्धमा कर्मचारी र जनप्रतिनिधि लागि क्षमता विकास गरिनेछ ।

## पूर्वाधार विकास (खानेपानी, सिँचाई, भवन, सडक) सम्बन्धी नीति :

- गाउँपालिका भित्र टोल टोलमा सामुदायिक भवन निर्माण कार्यलाई निरुत्साहित गर्दै निर्माण सम्पन्न भएका सामुदायिक भवनको उपभोगको अवस्थाका आधारमा सामुदायिक संस्था उपयोग गर्ने घरधुरीका आधारमा मापदण्ड निर्माण गरेर मात्र सामुदायिक भवन निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाले सञ्चालन गर्ने योजनाहरु मध्ये २० लाख भन्दा माथिको लागत अनुमान भएका योजनाहरु ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिने नीति लिईनेछ । साथै संघ र प्रदेशलाई पनि गाउँपालिकाको नीति अनुरुप अघि बढाउन अनुरोध गरिनेछ ।
- वडा स्तरमा सञ्चालन भएका योजनाहरुको अनुगमनका लागि वडा सदस्यहरुलाई जिम्मेवार गराईनेछ । यसका लागि वडा सदस्यहरुको क्षमता विकास गरिनेछ ।
- निर्माण गर्न बाँकी रहेको वडा कार्यालयहरु २०८३ सालभित्र सम्पन्न गर्ने गरी कार्य अघि बढाईनेछ ।
- सडक गुरुयोजनालाई कार्यान्वयनमा लगिनेछ ।
- पाँचपोखरी चक्रपथ सडक निर्माणको सम्भाव्यता अध्ययनका साथै डिपिआर तयार गरी निर्माण कार्यलाई अघि बढाईनेछ ।
- प्रत्येक वडामा नाङ्गो तार विस्थापन गर्ने गरी कार्यक्रमहरु निरन्तरता दिईनेछ ।
- संस्थागत साझेदारीमा एक घर एक धारा एक मिटर हुने गरी खानेपानीको व्यवस्थापनको नीति अवलम्बन ***२०८३ साल भित्र पालिकालाई एक घर एक धारा एक मिटरयुक्त गाँउपालिका***को रुपमा घोषणा गरिनेछ ।
- उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनामा गाउँपालिकाले ***हाल २०% श्रमदान लिदैं आएकोमा समुदायबाट गुनासो आएकोले आ.व.२०८१/०८२ का लागि १०% श्रमदान गर्ने नीति अवलम्बन गरिनेछ ।***
- वडागत रुपमा एक वडा एक गौरवका योजना निर्माण कार्यहरु अघि बढाईनेछ ।
- गाउँपालिकाको सबै बस्ती स्तरको जनतालाई संचारबाट बञ्चित हुन नदिन आवश्यकीय ठाँउ पाँचपोखरी, आमा याङ्ग्री लगायतका पर्यटकीय तथा धार्मिक स्थलमा टावरहरुको निर्माण कार्य अघि बढाई आम नागरिकलाई संचारमा पहुँच वृद्धि गरिनेछ ।

- ❖ भवनको नक्सा पास प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन विद्युतीय भवन अनुमती प्रणाली (Electronic Building Permit System) लाई थप प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाईनेछ । Digital Signature लाई आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याईनेछ ।
- ❖ प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप निर्माण भएका तर नक्सा पास नगरिएका भवनहरुलाई एक वर्ष भित्रमा नक्सा पास गरी नियमित गर्न आह्वान गरिनेछ ।

## वन,वातावरण, विपद् व्यवस्थापन,फोहोर व्यवस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीति :

- ❖ खुल्ला क्षेत्र तथा पहिरोको जोखिम भएको स्थान पहिचान गरी वृक्षारोपण तथा बायो ईन्जिनियरिङ कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ वातावरण संरक्षण र प्रर्वद्धनका लागि वैज्ञानिक उपायहरु अवलम्बन गर्नुका साथै सम्मानित सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश कानून बनाई कार्यान्ययन् गरिनेछ, **प्लाष्टिक झोलाको प्रयोगलाई निषेध गरी आगामी २ वर्षभित्र प्लाष्टिक निषेधित गाउँपालिका घोषणा गरिनेछ साथै वैकल्पिक रुपमा कपडा तथा कागजको झोला व्यवस्था गरिनेछ** ।
- ❖ गाउँपालिकाभित्र क्षेत्रमा रहेका सार्वजनिक जग्गा तथा भवनहरुको लगत संकलन गरी अभिलेख राख्ने बाँझो जग्गा प्रयोगमा ल्याउन आवश्यकीय कार्यविधि बनाई संस्थागत साझेदारी तथा निजी क्षेत्रसँगको सहकार्य तथा समन्वयमा जग्गा लिजमा दिने प्रबन्ध मिलाईनेछ ।
- ❖ फोहोर व्यवस्थापनलाई थप प्रभावकारी र सुरक्षित बनाउन उपयुक्त ठाँउको छनौट गरी संस्थागत साझेदारीमा ल्याण्डफिड साईट, ईकोपार्क निर्माण तथा वैकल्पिक उर्जा प्रर्वद्धन कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ भोताङ, गुन्सा, थाङपालकोट र थाङपालधापमा रहेको MRF संचालनलाई बजेट व्यवस्थापन गरी निरन्तरता प्रदान गरिनेछ ।
- ❖ विपद् व्यवस्थापनका लागि स्थापित विपद् व्यवस्थापन समितिको पदाधिकारीहरुलाई आवश्यक तालिम उपलब्ध गराई विपद् व्यवस्थापनका कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- ❖ विपद् व्यवस्थापनका लागि जनस्तर तथा विद्यालयहरुमा विपद् सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिईनेछ । आगोबाट हुने जोखिम न्यूनीकरण गर्न विशेष सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ गाउँपालिका आपत्कालिन संचालन केन्द्र (Municipal Emergency Operation Center) को स्थापना गरी प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ हावापानी तथा वर्षा मापन केन्द्र हेरालुहरुलाई आवश्यकीय तालिम तथा हेरालुहरुलाई मासिक भत्ताको व्यवस्था मिलाईनेछ । आवश्यकीय रुपमा घेराबार समेत गरिने व्यवस्था गरिनेछ ।
- ❖ बाढी पिडित लाभग्राही अनुदान साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- ❖ बाढी तथा पहिरोको उच्च जोखिममा रहेका समुदायहरुको भौगर्भिक अध्ययनका लागि प्रदेश, संघीय सरकार र अन्य संघसंस्थाहरुसँग समन्वय गरिनेछ ।
- ❖ वडा कार्यालयमा रहेका सम्पुर्ण सामुदायिक भवनहरु विपद्मा नागरिक बासको रुपमा प्रयोग हुने व्यवस्था मिलाईने छ ।
- ❖ पूर्वतयारी सम्बन्धी काम, पूर्व सूचना प्रणालीको, स्थापना, नमूना अभ्यास सचालन प्रतिकार्य समिति पुर्नगठन तथा क्षमता विकास, तालिम प्रशिक्षण र उद्दार तथा राहत सामग्रीको भण्डारणको व्यवस्था मिलाईनेछ ।
- ❖ अति संवेदनशील (बर्ग ३) क्षेत्रमा परेको समुदायलाई विभिन्न सरोकारवाला निकायहरुको, सहयोग लिएर वस्ती स्थानान्तरणको प्रकृया अघि बढाईने छ । वस्ती व्यवस्थापनका लागि स्थानीय सरकारले व्यहोर्नु पर्ने लागत रकम विनियोजन गरिनेछ ।

- ❖ विपद् पोर्टल र भिज् रिक्सलाई पुर्णता दिई विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको कार्यलाई चुस्त दुरुस्त राख्न सुचना संकलन र अद्यावधिकलाई प्राथमिकताको साथ अघि बढाइने छ । र यसको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- ❖ संकटासन्न अवस्थामा रहेका वस्ती तथा समुदाय तहमा खोज तथा उद्दार को सामग्री व्यवस्थापन, खुला तथा सुरक्षीत स्थानको पहिचान र पहुँचको सुनिश्चितता सहित अत्यावश्यक बस्तुहरुको भण्डारण गरिनेछ ।
- ❖ भौगर्भिक अध्ययन-प्रतिवेदनले सुझाएका जोखिमयुक्त क्षेत्रमा स्थायी संरचना, बाटो निर्माण, लगायत अन्य विकास निर्माणको कार्य सञ्चालन गर्नको लागि निरुत्साहित गरिने छ ।
- ❖ सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि गर्दै सामुदायिक वनलाई मुख्य आम्दानीको स्रोतको रुपमा वनस्पति तथा जडिबुटीजन्य बोटबिरुवा लगाउने, जिल्ला वन कार्यालयसँगको समन्वय तथा सहकार्यमा झाँडी सुधार, नर्सरी व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नविकरण गर्न बाँकी सामुदायिक वन तथा कबुलियत वनलाई नविकरण गर्न प्रोत्साहन गरिनेछ ।

## राजश्व संकलन र परिचालन सम्बन्धी नीति :

- ❖ गाउँपालिका क्षेत्रमा रहेका करदाताहरुको एकिकृत विवरण संकलन गर्ने व्यवस्था मिलाईनेछ । साथै यसै आर्थिक वर्षबाट लागू हुने गरी जनप्रतिनिधि, कर्मचारीहरु तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरुलाई सम्पत्ति कर उठाउन शुरुवात गरिनेछ तथा सबै आम नागरिकलाई पनि सम्पत्ती करको दायरामा ल्याईनेछ ।
- ❖ करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदाता मैत्री बनाईनेछ ।
- ❖ गाउँपालिकाले कर संकलनको लागि व्यवस्था गरेको अनलाईन प्रणालीलाई थप व्यवस्थित गरी करहरुलाई करदाताको पहुँचमा वृद्धि गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- ❖ वडा तहमा करदातालाई कर बुझाउन कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन सहजीकरण गरिनेछ ।
- ❖ बढी कर संकलन गर्ने वडा र नियमित तथा ईमान्दारिताका साथ कर तिर्ने व्यक्तिलाई छनौट गरी उचित पुरस्कारको व्यवस्था मिलाईनेछ ।
- ❖ पर्यटकीय, धार्मिक स्थलमा संचालित व्यवसायीहरुलाई अनिवार्य सूचिकृत गरी करको दायरामा ल्याईनेछ ।
- ❖ राजश्व परामर्श समिति यससँग सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि हुने कार्यक्रम संचालन गरिनेछ ।

## कानून तथा मानव अधिकार सम्बन्धी नीति :

- ❖ सबै वडा कार्यालयहरुमा स्थापना भई संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नती गरी सबै विवादहरु दर्ता गर्ने, विपक्षी झिकाउने, आवश्यकता अनुसार प्राविधिकद्धारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रक्रिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ ।
- ❖ न्याय व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयर निर्माण गरी अनलाईनबाट नै विवाद दर्ता गराउने, तारिख लिने, पेसी विवरण हेर्ने, मेलमिलापकर्ताहरुको विवरण, ऐन, नियम लगायतका कुराहरु उपलब्ध हुने गरी सफ्टवेयर संचालन गरिनेछ ।
- ❖ गाउँपालिकाद्धारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।
- ❖ संविधान, कानून, गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ ।

- ❖ सामाजिक विकृति विसंगति र लैंगिक हिंसा विरुद्ध जनचेतना अभिवृद्धिको लागि सडक नाटकहरु संचालन गरिनेछ । गाउँपालिकाभित्रका सबै प्रकारका कार्यालयहरुमा लैंगिक हिंसा अन्त्य गरिनेछ ।
- ❖ मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिको लागि मेलमिलाप सम्बन्धी पुर्नताजगी तालिम प्रदान गरिनेछ ।
- ❖ विवाद मिलापत्र गराए बापत मेलमिलापकर्ताहरुलाई यातायात खर्च उपलब्ध गराईनेछ ।
- ❖ न्यायिक समितिका असल अभ्यास तथा अनुभव आदनप्रदान गर्न न्यायिक समिति, कर्मचारी तथा मेलमिलापकर्ताहरुको अध्ययन अवलोकन तथा अनुभव आदनप्रदानको लागि अन्तरपालिका भ्रमण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ प्रहरी, मेलमिलापकर्ताहरु तथा न्यायिक समितिबिच विवादको प्रकृति, अवस्था तथा कानूनसँग सम्बन्धित विषयमा अर्न्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- ❖ उत्कृष्ट मेलमिलापकर्ताहरुको छनौट गरी एक महिला एक पुरुष मेलमिलापकर्तालाई प्रोत्साहन स्वरुप सम्मान तथा पुरस्कार प्रदान गरिनेछ, यसका लागि आवश्यकीय कार्यविधिको निर्माण गरिनेछ ।
- ❖ न्यायिक समिति र वडास्तरीय मेलमिलाप केन्द्रबिच नियमित मासिक/त्रैमासिक बैठक संचालन गरिनेछ ।

**सामाजिक विकास, महिला, बालबालिका, ज्येष्ठ, अपांङ्ग, आदिवासी जनजाती, दलित, समावेशीकरण सम्बन्धी नीति :**

- ❖ लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिनेछ।
- ❖ हिंसा मुक्त गाउँपालिका निर्माण अभियानको लागि जनचेतनामूलक कार्यक्रमहरु सचालन गरिनेछ ।
- ❖ गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण(GESI Audit) गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ गाउँपालिका तथा वडास्तरीय बाल संजाल गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- ❖ यस पालिकाभित्र रहेका सबै कार्यालयहरुमा लैंगिक हिंसा सम्बन्धी आचार संहिता अनिवार्य पालना गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ २०८३ साल सम्म गाउँपालिका बालमैत्री घोषणाका लागि आवश्यक कार्यक्रम सन्चालन गरिनेछ ।
- ❖ समाजमा महिला विरुद्ध हुने सबै प्रकारका विद्यमान रहेका हानिकारक अभ्यासहरु, हिंसा, कुरितीहरु र कुसंस्कार अन्त्य गर्दै हिंसा मुक्त गाउँपालिका बनाउन महिला जागरण, कानुनी तथा वित्तीय साक्षरता सशक्तीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई वडास्तरमा अभियानका रुपमा संचालन गरिनेछ ।
- ❖ अपाङ्ग भएका व्यक्ति तथा अभिभावकहरुका लागि सीप विकास तथा अपाङ्ग भएका अभिभावकहरुका लागि स्याहार सीपको तालिम कार्यक्रम संचालन गरिनेछ ।अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामाग्री निशुल्क वितरण गर्नुका साथै उपचारको लागि सस्थागत साझेदारीमा अपाङ् बाल अस्पताल बनेपासँग सहकार्य समन्वय गर्न एउटा दक्ष स्रोत व्यक्तिको व्यवस्था गरिनेछ ।
- ❖ जेष्ठ नागरिक सम्मान तथा सहयोगी सामाग्रीको वितरण गरिनेछ।
- ❖ यस गाउँपालिकालाई नेपाल सरकारको लक्ष्य अनुसार २०८२ भित्र बालश्रम मुक्त पालिका घोषणाका लागि कार्यक्रम संचालन गरिनेछ ।

- यस गाउँपालिकालाई नेपाल सरकारको लक्ष्य अनुसार २०८७ भित्र बालविवाह मुक्त पालिका घोषणाका लागि कार्यक्रम संचालन गरिनेछ ।
- आदिवासी जनजातीहरुको परम्परागत रुपमा चल्दै आएको ज्ञान सीप कला अनुभवलाइ सरक्षण सम्वर्द्धन गरिनेछ ।
- आदिवासी जनजाती, दलित, महिलालाइ क्षमता तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सचालन गरिनेछ ।
- आदिवासी जनजाती दलित महिला तथा पछाडी परेका क्षेत्र तथा वर्गबाट स्नाकोत्तर मानपदवी तथा पदक विजेता आचार्यलाइ सम्मान कार्यक्रम गरिनेछ ।
- गाउँपालिकाबाट गैरसरकारी संस्था मार्फत गरिने विभिन्न क्षेत्रगत सामाजिक कार्यहरुलाई थप व्यवस्थित, संस्थागत र उपलब्धीमूलक बनाउन त्यस्ता कार्यक्रमहरु सामाजिक कार्यक्रम अर्न्तगत प्रतिस्पर्धाको माध्यमबाट संस्थागत साझेदारीमा संचालन गर्न आवश्यक कानूनी प्रबन्ध मिलाईनेछ ।
- स्थानीय समुदायबाट उत्पादन गरिएका सामग्रीहरु गाउँपालिका र खाल्डेखोलामा संचालित गाउँपालिका सूचना केन्द्र तथा कोसेली घर मार्फत खरीद बिक्रिको व्यवस्था मिलाईनेछ ।
- दिवशीय कार्यक्रमहरु (आदीवासी जनजाती दिवश, बुद्ध जयन्ती, ल्होसार, तीज, नारी दिवश, बाल दिवश, अपाङ्ग दिवश, ज्येष्ठ नागरिक दिवश, छुवाछुत विरुद्धको दिवश) मनाईनेछ ।
- सार्वजनिक स्थलहरु तथा खुल्ला रुपमा खेलिने खेलहरु (तास, क्यारिमबोर्ड, पोर्ट आदि) र रक्सी, हुक्का, चुरोट तथा गाँजाको प्रयोगमा नियन्त्रण गर्न सचेतना क्रियाकलापहरु संचालन गरिनेछ ।
- विद्यालयमा पञ्जिकरण सम्बन्धी, बालविवाह तथा अन्य हिंसा सबालमा सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।
- संस्थागत साझेदारीमा समाजलाई नैतिकवान् बनाउन धार्मिक प्रवचन कार्यक्रमहरु संचालन गरिनेछ ।

## <u>युवा तथा खेलकुद विकास सम्बन्धी नीति :</u>

- खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व विकास गर्न गाउँपालिका क्षेत्रमा खुल्ला व्यायामशाला, योगा तथा ध्यान केन्द्र लगायतका कार्यक्रम संचालन गरिनेछ । फुटबल, भलिबल, किक्रेट लगायतका खेल मैदान समेतका भौतिक पूर्वाधार विकास र विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- खेलकुद पर्यटन प्रवर्द्धन गर्न साहसिक खेलकुदका आयोजना गरिनेछ ।
- लोकप्रिय खेलहरुको व्यवसायिक प्रशिक्षक उत्पादन गर्न प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका फुटबल, किक्रेट, ब्याडमिन्टन, भलिबल लगायतका खेलका खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ साथै खेलाडीहरुको लागि खेल अवधिभर आवधिक बिमा गरिनेछ ।
- पालिका भित्रको विभिन्न खेल जगत्मा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपमा पदक विजेता खेलाडीहरुको मनोबल वृद्धि गर्न सम्मान तथा पुरस्कारको व्यवस्था मिलाईनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपमा प्रशिक्षकको रुपमा जाने र प्रशिक्षणमा जाने खेलाडीहरुलाई प्रोत्साहन स्वरुप आर्थिक सहायता उपलब्ध गराईनेछ ।
- खेलकुदका सम्पूर्ण विधाहरु फुटबल, भलिबल, ब्याडमिन्टन, किक्रेट, म्याराथुन, कँराते जस्ता खेलकुदलाई निरन्तर रुपमा संचालन गरिनेछ ।
- पाँचपोखरी नमूना युवा सांसद कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- वडा तथा पालिकास्तरीय बाल क्लब गठन गरी क्रियाकलापहरु अघि बढाईनेछ ।
- पालिका स्तरका खेल प्रतियोगितामा बाह्य खेलाडीहरु समावेश नगर्ने नीति अवलम्बन गरिनेछ ।

## <u>उद्यम विकास तथा उद्यमशिलता प्रर्वद्धन सम्बन्धी नीति :</u>

- लघु उद्यमको साथ नव युवाहरुको आर्थिक विकाश सिपःसिकौ आत्मा निर्भर बनौं भन्ने नाराका साथ नव युवाहरु लाई क्षमता विकास र समूह मार्फत आय आर्जन  काष्ठकला, धातुकला, बाजा तथा बाँसबाट बन्ने सामाग्रीहरु लगायत अन्य सिपमुलक कार्यक्रम संचालन गरिने छ ।
- लघु उद्यम को विकास र प्रवर्धनको माध्यम बाट गरिवी निवारण मा सहयोग पुयाउने उदेश्यले नेपाल सरकारले स्विकृत गरेको गरिवी निवारण को लागि लघु उद्यम विकास कार्यक्रम लाई स्थानीय सरकारले प्रभावकारी तथा व्यवस्थितरुपमा कार्यान्वयन तथा संचालन गर्ने छ ।
- लघु उद्यम विकास मोडल भन्नाले मागमा आधारित उद्यम विकासको लागि सामाजिक (मेड) बजारीकरण र व्यवसायिक, प्रविधिमा पहुँच, सीप विकास तालिम, उद्यमशिलता विकास तालिम, परिचालन परामर्श सेवा समेतको एकिकृत सेवा प्रदान गरी लघु उद्यमी सिर्जना र स्तरोन्नतीको कार्यक्रम गरी लघु उद्यमीहरुलाई सहयोग गरिनेछ ।
- लोप उन्मुख पेशा राडीपाखी गलैचा र स्यामा बुन्ने तालिम हरुलाई विशेष महत्व मा राखिने छ,
- स्थानीय स्तर मा रहेको स्रोतहरु लाई परिचालन गरिने छ ।
- स्थानीय कला सिप र अनुभवको सम्रंक्षण र उपयोग गर्दै घरेलु उद्यमशीलता विकासको लागि बहु पक्षीय समन्वय र सहकार्य लाई जोड दिइने छ।
- लघु उद्यमी हरु को सिप विकास को लागि प्रदेस र संघ संग सहकार्य गर्दे उद्यमशीलता प्रवर्धन गरिने छ ।
- फर्म दर्ता गरेर चलाएका व्यवसाय माछा,कुखुरा,भैसी,बंगुर,तरकारी,वाखा पालन गरेका युवा लघु उद्यमी हरुलाई विशेष प्राथमिकता मा राखी सस्थागत साझेदारीमा सहयोग गरिनेछ  ।
- मकैको खोस्टा, पराल, नल, छ्वाली प्रयोग गरी चकटी बुन्ने, सालको पातबाट टपरी बनाउने जस्ता कार्यक्रमहरु अगाडी बढाईनेछ ।

## सहकारी व्यवस्थापन सम्बन्धी नीति :

- सहकारी संस्थाको दर्ता, नविकरण कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।
- बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- संकटग्रस्त सहकारीलाई संघ, प्रदेश र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका आवश्यक कार्य गरिनेछ ।
- विगत ५ वर्षदेखि वार्षिक लेखा परिक्षण प्रतिवेदन तथा वार्षिक साधारण सभाको विवरण पेश नगरेका सहकारी संस्थाको अभिलेख तयार गरि २०८२ असोज मसान्त भित्रमा लेखापरिक्षण सम्पन्न गरि गाउँपालिका समक्ष पेश गर्न सार्वजनिक रुपमा आव्हान गरिनेछ । यसरी निर्धारीत समयमा लेखापरिक्षण नगर्ने सहकारीहरुसँग कुनै पनि कारोवार सञ्चालन नगर्न नगराउन सार्वजनिक सूचना आव्हान गरिनेछ ।
- गाउँपालिकामा सञ्चालनमा रहेका सहकारीहरुलाई सहकारी तथा गरिबी सम्वन्धि व्यवस्थापन सूचना प्रणली (CoPoMIS) प्रयोगलाई अनिवार्य गरिनेछ ।
- सहकारी संस्थाहरुलाई सुचना प्रविधिमैत्री बनाई सफ्टवयरमा आधारित लेखा व्यवस्थापनका लागि प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकामा सञ्चालन भएका सहकारीहरुको अनुगमन गरि उत्कृष्ट काम गर्ने सहकारी छनौट गरी पुरस्कृत गरिनेछ ।
- सदस्यहरुको निक्षेप संकलन गरि निश्कृय अवस्थामा रहेका सहकारीहरुले गरेको कारोवार रकमको विवरण संकलन गर्न सार्वजनिक सूचना आव्हान गरिनेछ । सदस्यको निक्षेप संकलन गरि निश्कृय रहेका सहकारीका सञ्चालकहरुलाई सार्वजनिक रुपमा निक्षेप फिर्ताका लागि आव्हान गरिनेछ ।

- सहकारी संस्था दर्ता गरि कारोवार नगरेका संस्थाहरुको खारेजी गरिनेछ ।
- सार्वजनीक पद धारण गरेका व्यक्तिहरुले सहकारीको सञ्चालक भई सदस्यको रकम हिनामिना गरेमा वा सहकारीबाट ऋण लिई समयमा असुल नगरेको भएमा निजहरुले पाउने सेवा सुविधा रोक्का गरिनेछ ।
- सहकारीबाट ऋण लिई समयमा असुली नगर्ने ऋणीहरुलाई सहकारीको लिखित अनुरोध आएमा गाउँपालिकाबाट दिने सेवा प्रवाह स्थगन गर्ने, सार्वजनिक निर्माण लगायतका कार्यमा बन्देज गर्ने नीति अवलम्वन गरिनेछ ।
- स्थानीय स्तरमा लघु तथा साना व्यवसाय गर्ने कृषक/व्यवसायीलाई कृषि/साना किसान सहकारी मार्फत चक्रिय पुंजी परिचालन अन्तरगत सहुलियत कर्जा उपलब्ध गराइनेछ ।

## बजार अनुगमन,उपभोक्ता हक संरक्षण तथा खाद्य गुणस्तर नापजाँच नीति :

- व्यवसायीलाई बजार व्यवस्थापन,कालोबजारी ,कार्टेलिङ,मिलेमतो,एकाधिकार,उपभोक्ताको हकहित,स्वास्थ्यकर र खाद्यपदार्थको अन्तरसम्बन्ध,गुणस्तर नियमन,रक्सीको बोतल व्यवस्थापन र नियमन,अनधिकृत व्यवसाय,रिलेबलिङ,सेल्स गाडी,खाद्यजाँच नाका, अनुगमनको पृष्ठभुमि,उपलब्धी र आगामी कार्यदिशाको बारेमा प्रशिक्षण प्रदान गर्दै सचेत बनाई स्वच्छ बजारको साझा अभियान संचालन गरिनेछ ।
- गाउँपालिकाले त्रैमासिक रुपमा गर्ने बजार अनुगमनमा सचेतनामुलक स्टीकर पर्चा सुचना छपाई गरी अनुगमन भएको पसलमा ग्राहक र बिक्रेतालाई जानकारी हुने गरी प्रष्ट देखिने स्थानमा टाँस गर्ने विद्यालयको दिवाखाजा,स्वास्थ्यचौकी तथा वडा कार्यालयहरुमा समेत देखिने स्थानमा सुचनामुलक सामाग्री टाँस गर्ने नीति लिईनेछ ।

## सूचना प्रविधि तथा संचार सम्बन्धी नीति :

- गाउँपालिकाको सबै वडालाई डिजिटल घर नम्बरको सर्भे गरी नम्बर प्रदान गरिनेछ । गाउँपालिकालाई पूर्ण डिजिटल घरधुरी गाउँपालिका घोषणा गरिनेछ ।
- सूचना प्रविधि केन्द्रको स्थापनाको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइने र घरको अभिलेखीकरण विद्युतीय प्रणाली शुरु गरिनेछ । गाउँपालिकाको जी.एस.आइ. म्यापिङ गरि प्रत्येक घरधुरीको पारिवारिक विवरण तयार गर्ने ।
- पालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाको आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु व्यवस्थित र सुरक्षित राख्ने र एकिकृत तथ्याङ्क संकलनमा जोड दिने र तथ्याङ्क संकलनमा एकरुपता ल्याउने निति लिईने ।
- पालिकाका सबै वडाहरुलाई इन्ट्रानेटको माध्यमबाट जोडि आफ्नै सर्भरमा तथ्याङ्क व्यवस्थापन गरिने छ ।
- डिजिटल पालिका तथा स्मार्ट पालिकाको अवधारणा तथा खाका तयार गरि स्थानीय सरकारी सेवालाई नागरिकको पहुँच योग्य बनाउने पहल कदमी निति निर्माण गर्ने ।
- डिजिटल पालिका निर्माणका लागि आधारभुत कम्पोनेन्टहरुमा काम गर्ने र समावेसी र सहभागितामुलक विषयहरुमा ध्यान दिएर स्मार्ट पालिका निर्माणका लागि हार्डवयेर र सफ्टवयेरको व्यवस्था गर्ने ।
- पाँचपोखरी थाङ्पाल गाउँपालिकाको मुख्य आयस्रोत बन्न सक्ने पर्यटन व्यवसायलाई प्रभावकारी बनाउन पर्यटन एप्सलाई विस्तार गर्दै लगिने ।
- विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला, गणितलगायतका विषयमा विद्यालस्तरदेखि नै अनुसन्धान र नवप्रवर्तनको सोच र क्रियाशिलताको विकास गर्ने गरी कोषको स्थापना गर्ने र पालिका भित्रका बालबालिका तथा युवाहरुको नविनतम सोचको मुल्याङ्कन गरी नवप्रवर्धनमा लगाउने ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन/सार्वजानिक सेवा तथा क्षमता विकास नीति :

- संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्वन गरेको नेपालको संविधानले जनताको नजिकको सरकारको रुपमा स्थानिय तहलाइ अधिकार र जिम्मेवारी दिएको छ । नागरिकको स्थानिय तहप्रति धेरै

आशा र भरोसा रहेका छन् । नागरिकको कुरा सुन्ने, भावना बुझ्ने, विश्वास र भरोसा गर्न सक्ने तथा मन जित्ने गरि गाउँपालिकाको सेवा सुधार र विस्तार गरिने छ ।

- ❖ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालिलाइ सक्षम जनउत्तरदायी र अर्थपुर्ण बनाउन आन्तरिक लेखा परिक्षण शाखा, सार्वजानिक सुनुवाई, सार्वजानिक परिक्षण, अनुगमन तथा मुल्याङकन प्रणालीलाई सुढृण बनाइनेछ । गाउँपालिकाको हरेक शाखाको संस्थागत विकासको अवस्थाको समिक्षा गरी प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाका अध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाका शाखाहरु एवम् वडाहरु बीच कार्य सम्पादन सम्झौता गरिनेछ ।
- ❖ गाउँपालिकाका एवं वडा कार्यालयको संगठन तथा व्यवस्थापन ( O&M) सर्भे प्रतिबेदनको आधारमा आवश्यक कर्मचारिहरुको व्यवस्थापन गरिने छ ।
- ❖ गाउँपालिका एवंम वडा कार्यालयहरुबाट प्रवाहहुने सेवालाइ छिटो, छरितो, प्रविधिमैत्री र पारदर्शी बनाउँदै लगिने छ । विकास निर्माण र सेवा प्रवाहमा पारदर्शिताको प्रवद्धन गरिनेछ । म ले प प्रतिवेनले पुर्ण रुप दिने औल्याईएका बैरुजुलाई न्युनीकरण गर्दै नियमीत गर्नु पर्ने प्रकृतिका बेरुजुलाइ नियमित गराउने र असुल उपर गर्नुपर्ने बेरुजुलाइ असुल गर्दै लगिने छ ।
- ❖ गाउँपालिका एवंम वडा कार्यालयहरुबाट संचालनहुने योजनाहरुलाइ प्रतिफलयुक्त बनाउने स-साना टुक्रे योजनाहरु नवनाई उत्पादनमुलक, छिटो प्रतिफल प्राप्त हुने, दिगोपन हुने र सहभागितामुलक योजना तर्जुमा लाइ प्राथामिकता दिइनेछ । गाउँपालिकाको निर्माण कार्यको गुणस्तरता मापन गर्न पुर्वाधार ल्यावलाइ बिस्तार गरिने छ ।
- ❖ भ्रष्टचार विरुद्धको सहनशिलताको नीतिलाई अवलम्वन गरिने छ । भ्रष्टचारमुक्त प्रशासनिक सरचनाको माध्यमबाट जनमुखि प्रशासनको व्यवस्था र आर्थिक सुशासनको प्रत्याभुतिको नीति अवलम्वन गरिनेछ ।
- ❖ जनताको सुचनाको हकलाइ जिवन्त वनाइ राख्न गाउँपालिका सम्वन्धि सूचना, आफुले गरेका असल अभ्यास, गाउँपालिकाले गरेको महत्वपुर्ण निर्णयहरु, दुरदराजको जनतालाइ सुसूचित गर्न हरेक बर्ष सुशासन बुलेटिन प्रकासन गरिनेछ । आफ्ना काम कारवाहीहरुलाइ वेभसाइट, बुलेटिन, सुचना पार्टी, रेडियो मार्फत पारर्दशी गरिने छ ।
- ❖ गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको सार्वजानिक परिक्षण, सार्वजानिक सुनुवाइ र सामाजिक परिक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ ।
- ❖ जनताको गुनासोहरुलाइ सम्बोधन गर्नको लागि एक जना गुनासो अधिकारीको व्यवस्था गरिनुका साथै गुनासो पेटिका व्यवस्था गरिने छ । जनताका गुनासोहरु गुनासो पेटीकामा आउने वातावरण र आएका गुनासोलाइ समुचित रुपमा सम्वोधन गर्ने प्रवन्ध मिलाइने छ ।
- ❖ सुरक्षा व्यवस्थालाई चुस्त दुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीयस्थलमा , सुरक्षा संवेदनशिल क्षेत्रहरुमा सि. सि. टिभि क्यामेरा जडान गरिनेछ ।
- ❖ आधारभुत बस्तु तथा सेवाको सहज आपुर्ती र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गरिने कार्यलाइ थप बिस्तृत बनाइ निरन्तरता दिइने छ।
- ❖ गाउँपालिका भित्रको सार्वजानिक तथा सरकारी जग्गा हरुको सुष्म ढंगले खोजी गरि त्यस्ता जग्गाको संरक्षण गरिने छ।
- ❖ सार्वजानिक खर्चलाइ बैज्ञानिक अनुमान योग्य र नतिजामुलक तुल्याउन मभ्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ ।
- ❖ गाउँपालिकाको भुक्तानी प्रणालीलाइ सरलीकृत गर्दै इ. एफ. टी. (EFT) प्रणाली पुर्ण रुपमा अवलम्वन गरिनेछ ।

- ❖ गाउँपालिकाबाट हुने सबै खाले भुक्तानीलाइ बैक खाता मार्फत गरिने कार्यलाइ निरन्तरता दिइने छ ।
- ❖ वडा संचालनमा रहेका अनलाइन प्रणालीमा आधारित व्यक्तीगत घटना दर्ता प्रणालीलाइ थप व्यवस्थित गरिनेछ ।
- ❖ यस गाउँपालिकाको सम्पुर्ण विषयगत समिति, समितिहरु र कर्मचारीहरुले प्रकाशन गरिएको बार्षिक भित्तेपात्रो अनुरुप कार्यक्रम गरिने व्यवस्था गरिने छ ।
- ❖ कर्मचारीले आफ्नो पद तथा सेवालाई मर्यादित बनाउन सदैव सकारात्मक रहनुपर्ने तथा अरुको लागि अनुकरणीय हुने गरी सबैलाई शिष्ट तथा मर्यादित व्यवहार गर्नुपर्नेछ ।
- ❖ कमर्चारीहरुले कार्यालय समयबाहेक व्यक्तीगत रुपमा फेसबुक, ट्विटर, टिकटक जस्ता सामाजिक संजालहरुमा प्रयोग गर्दा सरकारी सेवाको गरिमामा आँच आउने, कर्मचारिहरुको मान मर्दन हुने, जनमानसमा भ्रम एवं अविश्वास पैदा हुने, गलत सुचना संप्रेषण हुने तथा राजनीतिक उदेश्यले निर्देशित हुने किसिमका सामाग्री राख्न एवंम प्रचार प्रसार गर्न नपाईने र सामाजिक संजाल प्रयोग गर्दा सेवाको मर्यदा र आस्थामा आँच नआउने गरी उच्चतम सतर्कता अपनाइ प्रयोग गर्नु पर्ने छ । यस्ता क्रियाकलापहरु गरिएमा कार्यालयले कानुन बमोजिम कारबाही गरिने छ ।
- ❖ गाउँपालिकाको मातहत रहेका विषयगत शाखाहरु र सबै वडाहरुले सम्पादन गरेका कार्यको प्रत्येक महिनाको ७ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतलाइ दिने र प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिकाको अध्यक्ष उपाध्यक्ष र अनिवार्य रुपमा पेश गर्ने नीति लिइनेछ ।
- ❖ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self Assesment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- ❖ आर्थिक वर्ष २०८१/०८२ को स्विकृत नीति, बजेट तथा कार्यक्रम अनुरुप वार्षिक कार्य योजना तर्जुमा गरी कार्यान्ययन गरिनेछ । अर्धवार्षिक रुपमा गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्थाबारे प्रगति समिक्षा गरिनेछ ।
- ❖ कर्मचारी र जनप्रतिनिधिबिचको संयुक्त बैठक चौमासिक रुपमा अनिवार्य रुपमा लागू गरिनेछ ।
- ❖ इन्द्रावती जनसेवा समितिबाट सचालित भवनलाइ मर्मत गरी पालिकाको आपतकालिन सेवाको लागि प्रयोग गरिनेछ । साथै अस्पताल कर्मचारीको आवास गृह बनाइनेछ ।
- ❖ गाँउपालिका परिवेश विश्लेषण तथा रणनीतिक योजना थप संशोधन सहित प्रकाशित गरिनेछ ।

## आधुनिक उर्जा : उज्यालो पालिका नीति :

- ❖ ३ PPP मोडल अनुसार १ मेघावाट जलविद्युत आयोजनाहरु निर्माण गर्न सहज वातावरण निजी क्षेत्रलाई उपलब्ध गराईनेछ ।
- ❖ बायोग्यास, सौर्य उर्जा, वायुउर्जा,लघु जलविद्युत लगायत बैकल्पिक उर्जाका प्रगोगबाट सबै परिवारमा आधुनिक उर्जा पुऱ्याउने ।
- ❖ धुवाँ रहित र विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- ❖ उज्यालो पालिका निर्माणको लागि गाउँपालिकाको सबै वडाहरुको मुख्य-मुख्य चोक, सडक, सार्वजनिक स्थल, पर्यटकीय तथा धार्मिक स्थल तथा मुख्य सडकहरुमा नेपाल विद्युत् प्राधिकरणसँग साझेदारीमा फोकस लाईटको व्यवस्था गरिनेछ ।

## मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति :

- ❖ आत्म हत्याको रोकथाम, गर्भावस्था र सुत्केरी अवस्थाको मानसिक स्वास्थ्य प्रभावकारी अभिभावकत्व लगाएतका विषयमा जनचेतना अभिबृद्धी गरिने छ ।
- ❖ वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सलस्यहरुमा देखा पर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कार्यक्रम संचालन गरिने छ ।

- ❖ आत्म हत्या सम्बन्धी तथ्याङ्क व्यवस्थित गर्नको लागि गाउँपालिकाको स्वास्थ्य शाखा र प्रहरी **प्रशासनसँग सहकार्यमा आत्महत्याको तथ्याङ्क** प्रणालीको अभिलेख राखिनेछ ।
- ❖ मानसिक स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धानको प्रवर्धन गर्न नीजि, गैरसरकारी र प्राज्ञिक क्षेत्रहरुसँगको सहकार्यलाई प्रोत्साहन गरिने छ । यसबाट आएको नतीजालाई स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रयस्तरमा सार्वजनिकरण गर्दै नीति तथा कार्यक्रममा परिमार्जन गर्दै लगिने छ ।
- ❖ मानसिक रोग सम्बन्धी अन्धविश्वास हटाउन, मानसिक स्वास्थ्यको प्रवर्धन र रोकथामका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरी महिला सहकारी, आमा समुह, समुदायमा आधारित संस्थाहरु, स्थानीयस्तरका राजनैतिक दलहरुको समन्वयमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धिको लागि सुचना तथा संचार सम्बन्धी सरोकारवाल निकायहरुसँग समन्वय गरी मानसिक स्वास्थ्यको प्रवर्द्धनात्मक कार्यक्रम ल्याइने छ । मानसिक स्वास्थ्यको क्षेत्रमा सामाग्रीहरु तयार गरी प्रसारण गर्नको लागि सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि गरिनेछ । मानसिक स्वास्थ्यमा जनचेतना बढाउन संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरी विभिन्न दिवसहरु,विश्व मानसिक स्वास्थ्य दिवस, विश्व आत्महत्या रोकथाम दिवस, बिर्सने रोग रोकथाम दिवस)समुदाय तहमा कार्यक्रम गरी मनाइने व्यवस्था गरिनेछ ।
- ❖ स्वास्थ्य संस्थाहरुमा मानसिक एवं मनोसामाजिक समस्या भएका व्यक्तिलाई गुणस्तरीय सेवा सुनिश्चत गर्न स्वास्थ्य शाखा प्रमुख, मानसिक/मनोसामाजिक कार्यक्रम सम्पर्क व्यक्ति र **यस क्षेत्रमा कार्य गरिरहेका स्थानीय गै.स.स. मध्येबाट एक र एक जना जनप्रतिनिधि रहने अनुगमन संयन्त्र** निर्माण गरिनेछ ।
- ❖ मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको गुणस्तर, मानसिक स्वास्थ्योपचारको ढाँचा, सेवाको पक्रिया र प्रभाव, उपलब्धी, र परिणामको आधारमा अनुगमन र मूल्याङ्कन गर्न पाँचपोखरी थाङपाल गाउँपालिकामा एउटा प्रभावकारी अनुगमन तथा मूल्याकंनको संयन्त्र बनाइनेछ । मानसिक स्वास्थ्य रणनितीको कार्ययोजना तथा सूचकलाई आधार मानेर अनुगमन तथा मूल्यांकन गरिने छ ।
- ❖ माध्यमिक विद्यालयहरुबाट १/१ जना शिक्षकलाई फोकल शिक्षक बनाउने गरी तालिम संचालन गरिनेछ ।

## भुमि व्यस्थापन नीति :

- ❖ भूउपयोग ऐन, २०७६ अनुसार गाउँपालिकाको भूउपयोग योजना सहभागीमुलक तवरले तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- ❖ एकीकृत वस्ती र निजीघरहरू निर्माण स्वीकृती दिदाँ तोकिएको मापदण्ड र भूउपयोग ऐन बमोजिम वर्गिकृत आवासीय क्षेत्रमा मात्र दिने व्यवस्था गरिनेछ ।
- ❖ भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुलाई भूमि समस्या समाधान आयोग मार्फत जग्गा व्यवस्थापन गराउन आवश्यक पहल गरिनेछ ।
- ❖ भू-उपयोग ऐनका आधारमा पालिकाको भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- ❖ भु-उपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिने, कृषि योग्य जमिनको जथाभावी प्रयोगलाई नियन्त्रण गर्ने नीति लिईने छ ।
- ❖ सडक तथा अन्य संरचना निर्माण गर्दा बढ्दै गएको भुक्षय नियन्त्रणको लागि बाँस निगालो अमृसो अन्य प्रजातीका विरुवाको बृक्षारोपण गरिने छ ।

## गैर सरकारी संस्था नीति :

- ❖ गैर सरकारी संस्थाहरुको कार्यक्रम निर्माण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रमले तोकेका प्राथामिकताका क्षेत्रमा रहने गरी गाउँपालिकाको प्रत्यक्ष निगरानीमा कार्यक्रम कार्यन्वयन गरिने छ ।
- ❖ गाउँपालिकाको अनुमती लिएर लिखित साझेदारी पत्रको आधारमा दोहोरोपन नआउने गरी योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था गरिने छ ।

- ❖ सबै संघ-संस्थाहरुलाई गाउँपालिकामा सूचिकृत गराउने नीति लिईनेछ ।
- ❖ अर्ध-वार्षिक रुपमा आवसीय गाउँपालिका तथा गाउँपालिकामा कार्यक्षेत्र बनाई कार्यक्रम गरिरहेका सम्पूर्ण संघ संस्थाहरुबिच अन्र्तक्रियात्मक समिक्षा कार्यक्रम संचालन गरिनेछ ।

**उधोग, बाणिज्य तथा आर्थिक विकास नीति :**

- ❖ संघीय सरकारले लोकल रक्सीलाई कानूनी मान्यता दिने गरी नितीगत सम्बोधन गरेको हुँदा यस गाउँपालिकामा लोकल रक्सीलाई ब्राण्डिङ गरी यसको उत्पादन क्षेत्रमा कार्य गर्न चाहने व्यक्ति तथा समूहलाई प्रोत्साहित गरी आवश्यकीय सहयोग गर्ने तथा बाहिरबाट आउने सिल प्याकयुक्त मादक पदार्थहरुलाई निरुत्साहित गरिनेछ ।
- ❖ यस गाउँपालिकामा उद्योग, कलकारखाना र साना-ठुला व्यवसाय स्थापना र सञ्चालनको लागि लगानी तथा व्यवसाय मैत्री वाताबरण तयार गरी लगानी गर्न निजी क्षेत्रलाई आवह्न गरिनेछ ।
- ❖ यस गाउँपालिकामा एक मेघावाट भन्दा कम क्षमताको जलविद्युत आयोजना सञ्चालन गर्नको लागि आवश्यक कानुन निर्माण गरिनेछ भने सो भन्दा बढी क्षमताको जलविद्युत आयोजना सञ्चालन गर्न लगानीकर्तालाई आकर्षित गरिनेछ ।
- ❖ साना तथा मझौला उधोगहरु ( **शुद्ध पिउने पानी, नुड्ल्स, छुर्पी, अचार, दुनोट उधोग**) संचालनमा निजी क्षेत्रहरुलाई आवह्न गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति :**

- ❖ वडास्तरबाट नै सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ वडास्तरमा नै गई वडासँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता परिचय-पत्र नविकरण गर्न शिविर संचालन गरिनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता बुझ्ने लाभग्राहीहरुको लागि राष्ट्रिय परिचय-पत्र दर्ता शिविर संचालन गरिनेछ ।
- ❖ वडाका ज्येष्ठ नागरिक, महिला समूह, स्वास्थ्य स्वयम्‌सेविका तथा अन्य समूहहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धमा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

**पालिका स्तरीय गौरवका योजनाहरु :**

**१. जतन-ज्वोथान पर्यटन सिँढी-१**

**२. आमा याङ्ग्री पर्यटन पद मार्ग-२**

**३. पाँचपोखरी ताल मन्दिर पर्यटन मार्ग तथा छिम्ती ड्रागन झरना-३**

**४. पेमाछ्ल उद्यान केन्द्र र रैथानेश्वरी पोखरी व्यवस्थापन-४**

**५. गुन्सा च्योच्यो डाँडाँ पर्यटन पद मार्ग र थाङपाल संङ्ग्रालय निर्माण-५**

**६. चारधाम निर्माण-६**

**७. ८४ फिटको ढुङ्गामा कुँदिएको बुद्ध मूर्ति र बुद्धपार्क-७**

**८. नौलिङ्श्वरी, बेत्रावती मन्दिर व्यवस्थापन तथा पदमार्ग निर्माण-८**

**टासी लामा**

अध्यक्ष